# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड: ७ | सख्या: ५ | मिति: २०८०/०३/१९ |
| --- | --- | --- |


## चिङ्गाड गाउँपालिका

## शसस्त्र द्वन्द्व पीडितहरूको अभिलेख व्यवस्थापन, स्मारक निर्माण तथा जीविकोपार्जन सुधार सम्बन्धि कार्यविधि, २०८०

**प्रस्तावना :** वि.सं. २०५१ सालदेखि २०६३ सालसम्म नेपालमा शसस्त्र संघर्षका क्रममा चिङ्गाड गाउंपालिका भित्र राज्य र विद्रोही पक्षवाट जीवन गुमाएका शहीद परिवारका सदस्यहरू, घाइते भएका व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरू र लामो् समय विस्थापित भई बाहिर बस्दा अप्ठेरो परेका परिवार र तिनका परिवारका सदस्यहरूको अभिलेख व्यवस्थापन, सम्मान,सम्झनालाई ताजा बनाउन र आश्रित परिवारको जीविकोपार्जन सुधार मार्फत दीगो शान्ति स्थापना गर्नु बान्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन २०७२ ले दिएको अधिकारको प्रयोग गरी शसस्त्र द्वन्द्व पीडितहरूके अभिलेख व्यवस्थापन, स्मारक निर्माण र जीविकोपार्जन सुधार कार्यविधि २०८० निर्माण गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **सशस्त्र द्वन्द्व पीडितहरूको अभिलेख व्यवस्थापन, स्मारक निर्माण र जीविकोपार्जन सुधार कार्यविधि,२०८०** रहनेछ ।

(२) यो कार्यविधि तुरुन्तै लागु गरिनेछ ।

२ **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) पालिका भन्नाले चिङ्गाड गाउंपालिका अवलचिंग सुर्खेत भन्ने बुझाउनेछ ।

(ख) अध्यक्ष भन्नाले चिङ्गाड गाउंपालिकाका अध्यक्षलाई बुझाउनेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले चिङ्गाड गाउंपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(घ) द्वन्द्व पीडित भन्नाले विस. २०५२ देखि २०६३ सालसम्म भएको शसस्त्र संघर्षमा परेका पीडितलाई बुझाउनेछ ।

(ङ) अभिलेख व्यवस्थापन भन्नाले शसस्त्र युद्धका क्रममा पीडित परिवारको तथ्यांक संकलन र व्यवस्थापन बुझाउनेछ ।

(च) स्मारक भन्नाले शसस्त्र युद्धको क्रममा जीवन गुमाएका व्यक्तिहरूको सम्झनालाई जीवित राख्नका लागि बनाइएको पार्क, वाटिका वा कुनैपनि किसिमका स्मारक भन्ने बुझिनेछ ।

(छ) जीविकोपार्जन सुधार भन्नाले शसस्त्र युद्धका क्रममा जीवन गुमाएका, अंगभंग भई घाइते अवस्थामा रहेका वा विस्थापन आदिमा परि शारीरिक वा मानसिक समस्यामा रहेका व्यक्ति तथा

तिनका परिवारलाई नियमित जीवन चलाउनका लागि दिइने घुम्तीकोष वा अन्य तरिकाका सहयोगहरूलाई बुझाउनेछ ।

(ज) सहयोगी संस्था भन्नाले शसस्त्र द्वन्द्व पीडितहरूका लागि काम गर्ने गैर सरकारी संघसंस्थाहरूलाई बुझाउनेछ ।

(झ) दीगो शान्ति भन्नाले शसस्त्र युद्धवाट पीडितहरूलाई राज्यका तर्फवाट आवश्यक क्षतिपूर्ति,सम्मान वा पीडिकपक्षवाट क्षमायाचना मार्फत समाजमा स्थापित हुन, पीडालाई विर्सन र जीविकोपार्जनमा सहजताल्याई उनीहरूमा बिद्रोही मनोभावलाई क्रमशः हटाउदै समाजमा सहज जीवनयापनको वातावरण निर्माण गर्ने भन्ने बुझिनेछ ।

## परिच्छेद २
## अभिलेख ब्यवस्थापन

२.१ वि.सं. २०५२ सालदेखि २०६३ सालसम्म यस गाउंपालिका भित्र शसस्त्र युद्धका क्रममा जीवन गुमाएका ब्यक्तिहरू, तिनका आश्रित परिवार, घाइते अंगभग भई उपचार गराईरहेका ब्यक्ति र तिनका परिवार, लामो समय बिस्थापनमा परि आर्थिक अवस्था कमजोर रहेका ब्यक्ति र तिनका परिवार, वेपत्ता ब्यक्तिका परिवार, कुटपीटमा परि मानसिक रुपमा अस्वस्थ भएका ब्यक्ति र तिनका परिवार, धनसम्पत्ति गुमाएका ब्यक्ति र तिनका परिवार, रोजगारी गुमाएका ब्यक्ति र तिनको परिवारहरूको समग्र पक्षको छानवीन गरी उनीहरूको पालिका स्तरीय अभिलेख ब्यवस्थापन गर्नका लागि पालिकाले विशेष पहल गर्नुपर्नेछ ।

२.२. पालिकाले निर्माण गरेको शसस्त्र युद्ध पीडितहरूको अभिलेखलाई स्थानीय राजनीतिक दल, नागरिक समाज र स्थानीय सहयोगी गैर सरकारी संघसंस्थाहरूका बीचमा प्रस्तुत गरी सत्यताको जांच गर्नुपर्नेछ ।

२.३. पालिकाले निर्माण गरेको शसस्त्र युद्ध पीडितहरूको अभिलेख सबैको पहुंचमा हुने गरी सार्वजनिक गर्नुपर्नेछ र पालिकाले आफनो वेवपेजमा अपलोड गरी सबैको समान पहुंचको ब्यवस्था मिलाउनु पर्नेछ ।

२.४. राज्य र गैरसरकारी संघसंस्थाहरूवाट अहिलेसम्म पीडितहरूका लागि गरिएको सहयोगको विवरण र पीडितहरूको विद्यमान अवस्था झल्किनेगरी अभिलेख ब्यवस्थापन गर्नुपर्नेछ ।

२.५. विगतमा शसस्त्र युद्धमा सहभागि भएका शसस्त्र युद्धका लडाकुहरू र उनीहरूको अहिलेको अवस्थाको वारेमा अभिलेखमा समावेश गर्नुपर्नेछ ।

२.६. पालिकाले शसस्त्र युद्ध पीडितहरूलाई समाजमा घुलमिलको वातावरण निर्माणका लागि उनीहरूलाई स्थानीय सरकारको योजना निर्माण प्रकृया, स्थानीय सार्वजनिक संरचनाहरू सामुदायिक वन, विद्यालय ब्यवस्थापन समिति, मठमन्दिर, युवा क्लवहरू, आमा समूहहरू आदिमा सहज सहभागिताको अवसर सृजनागर्नुपर्नेछ ।

२.७. पालिकाले शसस्त्र युद्ध पीडित परिवारलाई हाम्रो अभिभावक छ भन्ने विश्वास सृजना गर्न स्थानीय सरकारका रुपमा रहेको गाउंपालिकाले विभिन्न समयमा पीडितहरूको कुरा सुन्ने वातावरणमा लागि नियमित अनुभव आदान प्रदान अन्तरक्रियाहरूको सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ३
## स्मारक निर्माण र सञ्चालन

३.१ पालिकाले शसस्त्र युद्धमा जीवन गुमाउनु भएका ब्यक्तिहरूको योगदानलाई चिरस्थायी बनाउन र पीडित परिवारको पीडा कम गराउनका लागि गाउंपालिकाले निश्चित स्थानहरूको पहिचान गरी त्यसमा सहीद स्मृति स्मारक पार्क, सहीद गेट, पूर्णकदको फोटो लगायत विभिन्न कार्यहरू सञ्चालनमा ल्याउन विशेष पहल गर्नुपर्नेछ ।

३.२. पालिकाले शसस्त्र युद्ध पीडित परिवारको अनुमतिमा विभिन्न विद्यालय, सामुदायिक वन र अन्य स्थानहरूको नामाकरण गरी उनीहरूको योगदानलाई चिरस्थायी बनाउनका लागि पहल गर्नुपर्नेछ ।

३.३. पालिकाले शसस्त्र युद्ध पीडित परिवारजनका वालवालिकाहरूका लागि विभिन्न सहिद स्मृति छात्रबृत्ति निर्माण तथा परिचालन गर्न सक्नेछ ।

३.४. पालिकाले विभिन्न कार्यक्रमहरू निर्माण गर्दा सहिद स्मृति कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

३.५. पालिकाले शसस्त्र युद्ध पीडितहरूको स्मृतिलाई ताजा गराई राख्न र आश्रित परिवारको पीडा न्यूनीकरणका लागि आवश्यक अन्य कार्यहरू गर्न सक्नेछ ।

३.६. पालिकाले शसस्त्र युद्ध पीडित परिवारको स्मृतिका लागि आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश तथा संघ सरकारवाट आवश्यक योजना माग गर्न सक्नेछ ।

३.७. पालिकाले सहयोगी गैर सरकारी संघसंस्थाहरूको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रम निर्माण गरी प्राथमिकताका साथ कार्यान्वयनका लागि पहल गर्न सक्नेछ ।

३.८. पालिकाले शसस्त्र युद्ध पीडितहरूका आश्रित परिवारको हेरचाह, पालनपोषण र स्वाथ्य उपचारका लागि विभिन्न कार्यक्रम बनाई लागु गर्न सक्नेछ ।

३.९. पालिकाले शसस्त्र युद्ध पीडित परिवारका सदस्यहरूको मानसिक स्वास्थ्य जांचका लागि विभिन्न मनोचिकित्सकहरूसंग उपचारका लागि आवश्यक खर्च उपलब्ध गराई सहयोग गर्न सक्नेछ ।

## परिच्छेद ४
## जीविकोपार्जन सुधार

४.१. पालिकाले शसस्त्र युद्ध पीडितहरूका लागि उनीहरूको जीविकोपार्जन सुधारका लागि विभिन्न कार्यक्रम बनाई लागु गर्न सक्नेछ ।

४.२. पालिकाले शसस्त्र युद्ध पीडित परिवारको अभिलेखका आधारमा विभिन्न स्थानहरूमा पीडितहरूको समूह बनाई उनीहरूको आयआर्जनका लागि एउटा समूहका लागि कम्तिमा १ लाख रुपियाको घुम्तीकोष निर्माण गरी वार्षिक रुपमा घुम्तीकोष सञ्चालन गर्न सक्नेछ ।

४.३ पालिकाले बनाएको घुम्तिकोषको रकम एकवर्ष निर्ब्याजी रुपमा प्रयोग गरी साना घरेलु उद्योग, खुद्रा ब्यापार, बाखापालन,कुखुरापालन, ब्यवसायिक तरकारी खेती जस्ता ब्यवसाय गरी आम्दानी गर्ने र एकवर्षपछि सोही समूहको अर्को ब्यक्तिमा उक्त घुम्तीकोषको रकम सर्ने प्रकृया निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।

४.४. पालिकाले निर्माण गर्ने घुम्तिकोषको रकम गाउंपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शसस्त्र यद्ध पीडित समूहका २ जना र एकजना गैर सरकारी संघसंस्थाको ब्यक्ति प्रतिनिधि रहने गरी ५ सदस्सीय सञ्चालक समिति निर्माण गर्न सक्नेछ ।

४.५. पालिकाले सञ्चालन गरेको घुम्तीकोषको रकममा सहयोगी गैर सरकारी संघसंस्थाहरूले रकम थप गर्न सक्नेछन । त्यसरी रकम थप गर्ने निर्णयको जानकारी पालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

४.६. पालिकाले सञ्चालन गरेको घुम्तीकोषको आम्दानी खर्चको विवरण घुम्तीकोष लिने ब्यक्तिले पालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेछ ।

४.७. घुम्तीकोष लिएर कुनै ब्यवसाय गर्दा त्यस्ता ब्यवसायको विमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

४.८. घुम्तीकोष लिएर ब्यवसाय सञ्चालन गरी उत्पादन गरीरहेका ब्यक्तिहरूका लागि आवश्यक बजार ब्यवस्थापनमा पालिकाले सहयोग गर्नुपर्नेछ ।

४.९. पालिकाले सञ्चालन गरेको शसस्त्र युद्ध पीडितहरूको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि नियमित रुपमा अनुगमनको ब्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद ५
## कार्यविधि संशोधन

५.१ यो कार्यविधिमा संशोधन आवश्यक भएमा चिङ्गाड गाउं कार्यपालिकाको बैठकले आवश्यक संशोधन गर्न सक्नेछ ।

आज्ञाले
चक्रबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत